- **Best Instructor Of The Month कार्यक्रम सम्पन्न:** (२०८२ साउन ०४ गते): यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा मिति २०८१ माघ २७ गते देखी सञ्चालित प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको मिति २०८२ असार ३१ गते टोलिगत रुपमा आन्तरिक कवाज प्रतिस्पर्धा गराईएको थियो भने कवाज प्रतिस्पर्धा मा प्रथम हुने टोलीका प्रशिक्षकहरु प्रहरी वरिष्ठ हवल्दार १,प्रहरी सहायक हवल्दार २ र प्रहरी जवान २ गरी जम्मा ५ जनालाई "Best Instructor Of The Month" घोषणा गरी "Badge" वितरण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, सह-समादेशक प्र.ना.उ. गुरू प्रसाद तिम्सिनाज्यू, कार्यरत प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्याक्रम सम्पन** (२०८२ साउन ०४ गते): नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी अतिरिक्त महानिरीक्षकको मिति २०८२।०३।२६ गतेको निर्णयअनुसार प्राविधिक प्रहरी समूहतर्फका प्रहरी वरिष्ठ हवल्दार पदबाट सोही समूहतर्फको प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति हुनुभएका प्राविधिक प्रहरी सहायक निरीक्षक उमेश दर्जीलाई आज मिति २०८२।०४।०६ गते यस केन्द्रका समादेशक, प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नति हुनुभएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्ह लगाइ बधाई तथा शुभकामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारीप्रति अनुशासित, इमानदार र कर्तव्यनिष्ठ रहँदै राज्य, संगठन र जनताप्रति पूर्ण निष्ठाका साथ कार्य सम्पादन गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक, प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरू, जुनियर प्रहरी अधिकृतहरू तथा अन्य प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।



- **हत्कडी प्रयोग सम्बन्धी अनुशिक्षण कार्यक्रम सु-सम्पन्न:** (२०८२ साउन ०५ गते): तालुक कार्यालयको क्रमसंख्या ३३०४ मिति २०८२।०४।०४ गतेको प्राप्त संचारद्वारा माग बमोजिम यस केन्द्रमा संचालन भएको १ दिने अनुशिक्षण तालिममा बल प्रयोग, प्रकाउ र प्रतिवेदन सम्बन्धी कार्यदेश (SOP) कार्यान्वयनका क्रममा मिति २०८२।०४।०५ गते यस केन्द्रमा कार्यरत तथा प्रशिक्षणरत प्रहरी कर्मचारीहरुलाई हत्कडी प्रयोग सम्बन्धी नमुना प्रदर्शनी सहितको सैद्धान्तिक एवं व्यवहारिक अभ्यास गराई कार्यक्रम सु-सम्पन भयो।



- **कार्यालय सञ्चालन दक्षता अभिवृद्धी (प्र.ज. देखी जु.प्र.अ.) तालिम २७ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन** (२०८२ साउन ०६ गते): मिति २०८२ साउन ०६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३० कार्यदिन अवधिको कार्यालय सञ्चालन दक्षता अभिवृद्धी (प्र.ज. देखी जु.प्र.अ.) तालिम २७ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक आशिस पोखरेलज्यू को प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन भयो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (जु.प्र.अ.) तालिम ४१ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन** (२०८२ साउन ०६ गते): मिति २०८२ साउन ०६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३५ कार्यदिन अबधिको अपराध अनुसन्धान तथा नियन्त्रण (जु.प्र.अ.) तालिम ४१ औं समूहको तालिम संयोजक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू को प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन भयो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०५ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन** (२०८२ साउन १३ गते): मिति २०८२ साउन १३ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अबधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०५ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू को प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन भयो।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

  (२०८२ साउन १४ गते):

  नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी उपरीक्षकको मिति २०८२।०४।०४ गतेको निर्णयअनुसार प्राविधिक प्रहरी समूहतर्फका प्रहरी हवल्दार पदबाट सोही समूहतर्फको प्रहरी वरिष्ठ हवल्दार पदमा पदोन्नति हुनुभएका प्राविधिक प्रहरी वरिष्ठ हवल्दार संजय कुमार सुतिहारलाई आज मिति २०८२।०४।१४ गते यस केन्द्रका समादेशक, प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो।

  कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नति हुनुभएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्ह लगाइ बधाई तथा शुभकामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारीप्रति अनुशासित, इमानदार र कर्तव्यनिष्ठ रहँदै राज्य, संगठन र जनताप्रति पूर्ण निष्ठाका साथ कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

  उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षकज्यूहरू, जुनियर प्रहरी अधिकृतहरू तथा अन्य प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।



- **वृक्षारोपण कार्यक्रम सम्पन्न**

  (२०८२ साउन १७ गते):

  मिति २०८२/०४/१७ गते शनिबार कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरका समादेशक प्र.व.उ. गोविन्द अधिकारीज्यूको नेतृत्वमा सुन्दरहैचा-०९ स्थित निर्माणधिन कोशी प्रदेश प्रहरी तालिम केन्द्रको परिसरमा विभिन्न प्रजातिका फलफुलको बिरुवाहरु रोपिएको थियो ।

  उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालयका प्र.उ. हरी डङ्गोल कोशी प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्र.ना.उ. गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्युहरु, सुन्दरहैचा वडा नं. ९ का वडा अध्यक्ष श्री प्रकाश श्रेष्ठज्यू, समाज सेवि श्री शम्भू श्रेष्ठज्यू,उक्त वडाका भद्रभलाद्मि श्री हरी दुलालज्यू, यस कार्यालयका जुनियर प्रहरी अधिकृतज्यूहरु तथा अन्य प्रहरी कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।




- **निरीक्षण तथा निर्देशन सम्बोधन कार्यक्रम सम्पन्न** (२०८२ साउन २० गते):

  राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जका कार्यकारी निर्देशक श्रद्धेय श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरीज्यूले आज मिति २०८२ साउन २० गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक तथा प्रशिक्षण पूर्वाधारहरु र कार्यालयका विभिन्न शाखाहरुको स्थलगत निरीक्षण तथा अवलोकन गर्नु भयो। निरिक्षण पश्चात यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूले श्रीमान् राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जका कार्यकारी निर्देशकज्यू समक्ष तालिम केन्द्रका गतिविधि सम्बन्धी संक्षिप्त प्रस्तुतिकरण प्रस्तुत गर्नु भएको थियो। निरीक्षण कार्यक्रम पश्चात यस तालिम केन्द्रद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा समेत सरिक हुनु भई श्रीमान् राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जका कार्यकारी निर्देशकज्यूले यस तालिम केन्द्रमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरु लगायत प्रशिक्षणरत प्रशिक्षार्थीलाई आवश्यक निर्देशन सहितको सम्बोधन गर्नु भएको थियो । सोही क्रममा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूले श्रद्धेय श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरीज्यू लगायत कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षकज्यू प्रति धन्यवाद ज्ञापन गर्दै प्राप्त निर्देशनको अक्षरस: कार्यन्वयन गर्ने प्रतिवद्धता समेत जाहेर गर्नु भएको थियो ।

